# विपन्न तथा गरिब परिवारहरुलाई पशु चौपाया/ बाख्रा वितरण कार्यक्रम संचालन कार्यविधि-२०८०

गाउँ कार्यपालिकाको मिति २०८०/११/३० को निर्णयबाट स्वीकृत

बर्जु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अमाहिवेल्हा, सुनसरी

कोशी प्रदेश, नेपाल

# विपन्न तथा गरिब परिवारहरुलाई पशु चौपाया वितरण कार्यक्रम संचालन कार्यविधि-२०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/३०**
**प्रमाणीकरण मितिः २०८०/१२/१३**

**प्रस्तावनाः**

व्यावसायिक रुपमा पशु(बाख्रा)पालन गर्न चाहने विपन्न तथा अति विपन्न, गरिब परिवारहरुलाई जीविकोपार्जन तथा आयआर्जनको मुख्य श्रोतको आधारको रुपमा पशु(बाख्रा)पालन व्यवसायको माध्यमबाट स्वरोजगारमुलक बनाउन साथै गरिबी न्यूनीकरणका लागि आयस्तरमा वृद्दी गर्न वान्छनीय भएकोले बर्जु गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम " विपन्न तथा गरिब परिवारहरुलाई पशु चौपाया/ बाख्रा वितरण कार्यक्रम संचालन कार्यविधि-२०८०" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

**(क)** **"पशु चौपाया"** भन्नाले बाख्रा सम्झनु पर्छ।

**(ख)** **"कार्यक्रम"** भन्नाले अति विपन्न तथा गरिब परिवारहरुको लागि जिविकोपार्जन तथा आय आर्जनका लागि संचालन गरिने बाख्रा वितरण कार्यक्रम सम्झनु पर्छ।

**(ग)** **"विपन्न तथा गरिब परिवार"** भन्नाले आफ्नो आयश्रोतले वर्षमा ३ महिना मात्र खान पुग्ने सम्झनु पर्छ।

**(घ)** **"कृषक समुह"**भन्नाले कार्यक्रम संचालनका लागि छनौट गरिएका विपन्न तथा गरिव परिवारका व्यक्ति(सदस्य)हरु मिलि बनेको समुहलाई सम्झनु पर्छ।

**(ङ)** **"समिति"** भन्नाले समुहहरुको प्रतिनिधित्व गर्न गठित समितिलाई सम्झनु पर्छ।

**(च)** **"कार्यालय"** भन्नाले बर्जु गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

**(छ)** **"सम्बन्धित शाखा"** भन्नाले गाउँपालिकाको पशु सेवा शाखा वा पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

**(ज)** **"कार्यविधि"** भन्नाले विपन्न तथा गरिब परिवारहरुलाई पशु चौपाया वितरण कार्यक्रम संचालन कार्यविधि सम्झनुपर्छ।

३. **उधेश्यः** यस कार्यक्रमको उधेश्य देहाय बमोजिम हुनेछ।

**(क)** अति विपन्न तथा गरिव परिवारहरुको आर्थिक अवस्थामा सुधार ल्याई गरिवी न्यूनीकरणमा सहयोग पुर्याउने।

**(ख)** स्वरोजगारको अवसर सृजना गरी बेरोजगारी समस्या समाधानमा सहयोग पुर्याउने।

**(ग)** मासुमा आत्मनिर्भर बनाई कुपोषणको समस्या समाधानमा सहयोग पुर्याउने।

**(घ)** बाख्राको श्रोत केन्द्र (पकेट) स्थापनामा सहयोग पुर्याउने।

## परिच्छेद-२

### ४. कार्यक्रम संचालन प्रक्रिया

**४.१ लक्षित वर्ग छनौट तथा समुह/ समिति गठनः**

४.१.१ कार्यालयको सम्बन्धित शाखाले पठाएको पत्रको आधारमा वडा कार्यालयबाट सिफारिस भई आएका विपन्न तथा गरिब परिवारका समूह(१०/१० जना) लाई यस कार्यक्रममा समावेश गरिने छ।

४.१.२ सिफारिस भई आएका प्रत्येक ५ वटा कृषक समुहको १ वटा समिति गठन गरिनेछ।

४.१.३ कृषक समिति गाउँपालिका कार्यालयको सम्बन्धित शाखामा दर्ता गरी प्रमाणपत्र लिनु पर्नेछ।

४.१.४ कृषक समितिको नाममा बैंकमा खाता संचालन गर्नु पर्नेछ।

**४.२ तालिम संचालनः** कृषक समुह/ समितिका सदस्यहरुका लागी व्यावसायिक पशुपालन सम्बन्धि तालिम संचालन गरिने छ।

**४.३ खोर निर्माणः** कृषक समुह/ समिति अन्तर्गतका प्रत्येक कृषक सदस्यहरुलाई आ-आफ्नै लगानीमा व्यावस्थित गोठ/खोर निर्माण गर्न लगाईनेछ।

**४.४ बाख्रा/बोका वितरणः** कृषक समुहका प्रत्येक सदस्यहरुलाई २/२ वटा बाख्रा गोलाप्रथा द्वारा वितरण गरिनेछ। साथै प्रत्येक समुहमा १/१ वटा उन्नत जातका बोका समेत वितरण गरिनेछ।

**४.५ उपचार तथा खोपको व्यवस्थाः** पशु रोग उपचार, परजीवी नियन्त्रण तथा महामारी रोग विरुद्धको खोपको व्यवस्था आफैंले गर्नु पर्नेछ।

**४.६ घाँसको विऊ, वेर्ना, सेट्स वितरणः** समय अनुसार घाँसको विऊ/वेर्ना/सेट्स आदि आफैंले व्यवस्था गर्नु पर्नेछ।

**४.७ पशु बिमाः** वितरण गरिएका सबै बाख्रा तथा बोकाहरुको अनिवार्य बिमा गरी टयागिंग गर्नुपर्नेछ।

### ५. शर्तहरुः

**५.१ आवेदन पेश गर्नुपर्नेः** प्रत्येक समुहको प्रतिनिधित्व हुने गरी समितिले कार्यक्रममा समावेश हुने गरी अनुसूची-१ अनुसारको आवेदन पेश गर्नुपर्नेछ।

**५.२लागत सहभागिताः**

(क) समुह/ समितिमा आवद्द कृषकहरुले लागत सहभागिता स्वरूप अनुसूची-३ अनुसारको व्यवस्थित खोरको व्यवस्था आफैले गर्नुपर्नेछ।

(ख) प्रत्येक कृषकहरुले कम्तिमा १ वटा बाख्रापालन गर्दै आएको हुनु पर्नेछ।

(ग) अन्य सेवा सुविधाको व्यवस्था सहभागी आफैंले गर्नु पर्नेछ।

५.३<u>सम्झौता गर्नुपर्ने:</u> कार्यक्रम संचालनका लागि अनुसूची-२ अनुसारको द्विपक्षिय सम्झौता गर्नुपर्नेछ।

## परिच्छेद-३

### ६. अनुगमन तथा मुल्यांकनः

व्यवसाय संचालन पश्चात प्रतिफलको अनुगमन गर्न निम्नानुसारको अनुगमन तथा मुल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| १. गाउँपालिकाको उपाध्यक्ष | _ संयोजक |
| २. आर्थिक विकास समिति संयोजक | – सदस्य |
| ३. आर्थिक प्रशासन/लेखा शाखा प्रमुख | – सदस्य |
| ४. प्रशासन शाखा प्रमुख | – सदस्य |
| ५. पशुपन्छी विकास शाखा प्रमुख | – सदस्य |

## परिच्छेद- ४

### ७. विविधः

७.१ <u>आर्थिक पक्षः</u> यस कार्यविधि अन्तर्गत संचालन गरिने सम्पूर्ण कार्यक्रम/ क्रियाकलापको आर्थिक व्यवस्था अनुसूची-४ अनुसार हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिको आधारमा समितिको बैंक खाता मार्फत हुनेछ।

७.२ <u>अमान्य हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसंग बाझिएमा बाझिएको हद सम्म सामान्य हुनेछ।

७.३<u>संशोधन तथा खारेजीः</u> कार्यक्रम कार्यन्वयन गर्ने शिलशिलामा कार्यविधि संशोधन तथा खारेज गर्नुपर्ने भएमा सो सम्बन्धि सम्पूर्ण अधिकार बर्जु गाउँपालिकाको कार्यालयमा निहित रहनेछ।

## अनुसूची-१

## आवेदन फारम (नमुना)

श्रीमान कार्यालय प्रमुख ज्यु,
बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अमाहिवेल्हा,सुनसरी

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति ...................................... गतेका दिन प्रकाशित सुचना बमोजिम .............................................................. कार्यक्रममा सहभागी हुन ईच्छुक विपन्न तथा गरिव परिवार अन्तर्गतका म/ हामी ...................................................................... समुह उक्त कार्यक्रममा सहभागी हुन पाउँ भनि आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु/ गर्दछौं।

निवेदन साथ संलग्न कागजातहरुः

१. वडा कार्यालयको सिफारिस
२. समुह दर्ताको प्रमाणपत्र प्रतिलिपी थान-१
३. सम्पूर्ण सदस्यहरुको ना.प्र.प.को प्रतिलिपी
४. आवश्यक परेमा अन्य कागजात समेत

निवेदक

....................................................

....................................................

....................................................

## अनुसूची-२

## सम्झौता पत्र

श्री बर्जु गाउँपालिका (यस पछी पहिलो पक्ष भनिने) र सुनसरी जिल्ला, बर्जु गाउँपालिका वडा नं................. स्थित .................................... मा स्थापना भएको श्री ........................................................... समिति (यस पछी दोश्रो पक्ष भनिने) बीच साझेदारी/ सहकार्यमा आ.व. २०८०/०८१ को स्वीकृत ...................................................................... कार्यक्रम संचालन गर्न तपशिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरि लियौं/दियौं।

तपशिल

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।
२. दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछी तत्काल काम सुरु गर्नु पर्नेछ।
३. कार्यक्रम संचालनको क्रममा दोश्रो पक्षको सदस्यहरुको अनिवार्य सहभागिता हुनु पर्नेछ।
४. कार्यक्रम संचालनका लागि लागु गरिएका शर्तहरु दुवै पक्षले मंजुर गर्नुपर्नेछ।
५. आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा लागु गरिएका शर्तहरुमा हेरफेर गर्न सकिनेछ।
६. सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा विवाद निरुपण गरिनेछ।
७. प्रथम पक्षले माग गरेको विवरण यथाशिघ्र सहज रुपमा दोश्रो पक्षले उपलब्ध गराउनु पर्नेछ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नाम, थरः | नाम,थरः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| मितिः | मितिः |
| छापः | छापः |

रहोबरः
नाम,थरः
ठेगानाः
पदः

## अनुसूची-३

## बाख्राको खोर निर्माणका मापदण्डहरु

१. खोर बनाउँदा जमिनको सतहदेखि कम्तिमा ९० से.मी. उचाईमा टाँड भएको हुनु पर्दछ।

२. टाँड बनाउँदा ३.५ से.मी. देखि ४ से.मी. चौडाईका काठ वा बाँसका भाटाहरु बिछ्याएर बनाउनु पर्दछ। दुईवटा भाटाको बिचमा १.२५ से.मी.को खाली ठाउँ राखेर टाँड बनाउनु पर्छ।

३. टाँडदेखि छानासम्मको उचाई १५० से.मी. देखि २२५ से.मी. हुनु पर्दछ।

४. काठ, बाँस वा अन्य स्थानीय स्तरमा उपलब्ध अन्य सामाग्रीहरु प्रयोग गरी खोरको खम्बा, भित्ता र छाना बनाउन सकिन्छ।

५. सामान्यतयाः प्रति पाठापाठी ०.६५ देखि ०.७५ वर्ग मिटर, वयस्क माउको लागि १.५ देखि २ वर्ग मिटर र ब्याडको बोकाका लागि २.५ देखि ३ वर्ग मिटरका दरले खोर भित्र बस्ने स्थान आवश्यक पर्दछ।

# अनुसूची-४

## आर्थिक पक्ष

| क्र.सं. | क्रियाकलापहरु | इकाई | परिमाण/ लक्ष्य | प्रति इकाई | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बाख्रा खरिद | संख्या | १०० | ६,०००।- | ६,००,०००।- | |
| २. | बोका खरिद | संख्या | ५ | ५०,०००।- | २,५०,०००।- | |
| ३. | ढुवानी | पटक | २ | १०,०००।- | २०,०००।- | |
| ४. | तालिम | पटक | १ | ६०,०००।- | ६०,०००।- | |
| ५. | समिति गठन | पटक | १ | ३,०००।- | ३,०००।- | |
| ६. | बैठक भत्ता | पटक | १ | १२,०००।- | १२,०००।- | |
| ७. | भ्रमण खर्च | पटक | १ | २०,०००।- | २०,०००।- | |
| ८. | वितरण कार्यक्रम | पटक | १ | २०,०००।- | २०,०००।- | |
| ९. | बिमा खर्च | पटक | १ | ११,०००।- | १२,०००।- | |
| १०. | विविध | - | - | - | ३,०००।- | |
| | जम्मा | | | | १०,००,०००।- | |